# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, वैशाख १६ गते, २०७६ साल (संख्या ३


# भाग ५

## नेपाल सरकार
## गृह मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरुको मर्यादाक्रम देहाय बमोजिम निर्धारण गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

मर्यादाक्रमः

| | |
|---|---|
| १. | राष्ट्रपति |
| २. | उपराष्ट्रपति |
| ३. | प्रधानमन्त्री |
| ४. | प्रधानन्यायाधीश |

| | |
|---|---|
| ५. | प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष |
| ६. | पूर्व राष्ट्रपति,उपप्रधानमन्त्री, पूर्व उपराष्ट्रपति, पूर्व प्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्व अध्यक्ष |
| ७. | प्रदेश प्रमुख (आफ्नो प्रदेशभित्र) |
| ८. | नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री, प्रदेश प्रमुख (आफ्नो प्रदेश बाहिर), प्रतिनिधि सभाका विपक्षी दलका नेता, नेपाल रत्न पाउने महानुभावहरु, पूर्व प्रधानन्यायाधीश, संविधान सभाका अध्यक्ष, प्रतिनिधि सभाका उपसभामुख, राष्ट्रियसभाका उपाध्यक्ष, सत्तापक्षको संसदीय दलका उपनेता, व्यवस्थापिका-संसदका पूर्व सभामुख, प्रतिनिधिसभाका पूर्व सभामुख, राष्ट्रियसभाका पूर्व अध्यक्ष, नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री |
| ९. | नेपाल सरकारका राज्यमन्त्री, प्रतिनिधिसभामा सत्ता पक्षको मुख्य सचेतक, प्रतिनिधिसभामा विपक्षीदलको प्रमुख सचेतक, प्रतिनिधि सभाका विभिन्न समितिका सभापति, राष्ट्रिय सभाका विभिन्न समितिका सभापति, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख,न्यायपरिषदका सदस्य, महान्यायाधिवक्ता, राष्ट्रियसभामा सत्तापक्षको नेता, राष्ट्रियसभामा सत्तापक्षको मुख्य सचेतक, राष्ट्रियसभामा विपक्षी दलको नेता, राष्ट्रियसभामा विपक्षी दलको प्रमुख सचेतक, प्रदेश सभाका सभामुख |
| १०. | नेपाल सरकारका सहायक मन्त्री, प्रतिनिधि सभाका सदस्य, राष्ट्रिय सभाका सदस्य, नेपाल सरकारका पूर्वमन्त्री, उच्च अदालतका मुख्यन्यायाधीश, प्रदेश सरकारका मन्त्री,प्रदेश सभाका उपसभामुख, प्रदेश |

| | |
|---|---|
| | सरकारका राज्यमन्त्री, प्रदेश सभाका विभिन्न समितिका सभापति, काठमाडौं महानगरपालिकाका प्रमुख, संविधानसभाका सदस्य, पूर्व सांसद, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति |
| ११. | प्रदेश सरकारका सहायक मन्त्री, प्रदेश सभाका सचेतक, प्रदेश सभाका सदस्य, महानगरपालिकाका प्रमुख (काठमाडौं महानगरपालिका बाहेक), जिल्ला समन्वय समितिका प्रमुख |
| १२. | संवैधानिक निकायका सदस्य तथा आयुक्त, राष्ट्रिय योजना आयोगका सदस्य, सङ्घीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रज्ञा प्रतिष्ठानका कुलपति, विश्वविद्यालयका उपकुलपति |
| १३. | नेपाल सरकारका सचिव एवं राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत, राष्ट्र गौरव पाउने महानुभावहरु, नेपाली राजदूत, नेपालस्थित विदेशी राजदूत, सार्कका महासचिव, रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको मुख्य अनुसन्धान निर्देशक, प्रज्ञा प्रतिष्ठानका उपकुलपति, विश्वविद्यालयका प्राध्यापक, उपमहानगरपालिकाका प्रमुख, काठमाडौं महानगरपालिकाका उपप्रमुख |
| १४. | उच्च अदालतका न्यायाधीश, मुख्य न्यायाधिवक्ता, नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक |
| १५. | प्रदेश लोकसेवा आयोगका अध्यक्ष, नगरपालिकाका प्रमुख, उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक, प्रदेश लोक सेवा |

| | |
|---|---|
| | आयोगका सदस्य |
| १६. | महानगरपालिकाका उपप्रमुख (काठमाडौं महानगरपालिका बाहेक), जिल्ला समन्वय समितिका उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपमहानगरपालिकाका उपप्रमुख, नगरपालिकाका उपप्रमुख, नेपाल सरकारका सहसचिव एवं राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरहका अधिकृत, जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी (राजपत्राङ्कित प्रथम श्रेणी), विश्वविद्यालयका सहप्राध्यापक |
| १७. | सहायकरथी, प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक, नेपालस्थित विदेशी कन्सुल जनरल, महासेनानी, प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका सह अनुसन्धान निर्देशक, प्रदेश सरकार तथा स्थानीय तहले नियुक्त गरेका राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरहको तहमा कार्यरत अधिकृत, प्रमुख जिल्ला अधिकारी (राजपत्राङ्कित द्वितीय श्रेणी), सार्वजनिक संस्थानका प्रमुख एवं कार्यकारी, गाउँपालिकाका उपाध्यक्ष |
| १८. | नेपाल सरकारका उपसचिव एवं राजपत्राङ्कित द्वितीय श्रेणी वा सोसरहका अधिकृत, प्रमुख सेनानी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक, विश्वविद्यालयका उपप्राध्यापक |
| १९. | सेनानी, प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अनुसन्धान अधिकृत, प्रदेश सरकार तथा स्थानीय तहले नियुक्त गरेका राजपत्राङ्कित द्वितीय श्रेणी वा सोसरहको तहमा |

| | |
|---|---|
| | कार्यरत अधिकृत |
| २०. | सहसेनानी,नेपाल सरकारका शाखा अधिकृत एवं राजपत्राङ्कित तृतीय श्रेणी वा सोसरहका अधिकृत, विश्वविद्यालयका सहायक प्राध्यापक |
| २१. | उपसेनानी, प्रहरी निरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत |
| २२. | प्रदेश सरकार तथा स्थानीय तहले नियुक्त गरेका राजपत्राङ्कित तृतीय श्रेणी वा सोसरहको तहमा कार्यरत अधिकृत, सहायक सेनानी। |

द्रष्टव्यः

१. पदाधिकारीका पति वा पत्नीलाई आमन्त्रण गरिएको औपचारिक समारोहमा निजहरुको मर्यादाक्रम सम्बन्धित पदाधिकारीको मर्यादाक्रमअनुसार नै कायम हुनेछ।

२. एउटै क्रममा रहेका पदाधिकारीको मर्यादाक्रम यस मर्यादाक्रममा उल्लेख भएको क्रम अनुसार हुनेछ।

३. नेपाल सरकारको सेवामा पदाधिकार रहेको नेपाली महावाणिज्यदूतको मर्यादाक्रम आफ्नो पदाधिकार अनुसारको हुनेछ।

४. यस मर्यादाक्रममा उल्लेख नभएका महानुभावहरुलाई कुनै सरकारी निकायले कुनै समारोहमा सम्मिलित गराउनु पर्ने अवस्था परेमा वा मर्यादाक्रम निर्धारणका सम्बन्धमा कुनै द्विविधा भएमा सम्बन्धित निकायले नेपालीको हकमा गृह मन्त्रालय र विदेशीको हकमा परराष्ट्र मन्त्रालयसँग सम्पर्क राखी कुन क्रममा राख्ने हो तोक्नु पर्नेछ।

५. प्रदेश सरकार र स्थानीय तहमा खटिएको नेपाल सरकारको अधिकृतको मर्यादाक्रम नेपाल सरकारको अधिकृत बमोजिमकै हुनेछ।

६. महानगरपालिका (काठमाडौं बाहेक), उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका तथा यस्तै अन्य निकायका उपप्रमुखहरुको मर्यादाक्रम व्यवस्थापन गर्दा निजको क्षेत्रभित्रको कार्यक्रममा सम्बन्धित प्रमुख र अध्यक्षको लगत्तै पछि हुने गरी व्यवस्था गर्नु पर्नेछ।

७. यस मर्यादाक्रममा उल्लेख भए बाहेकका अन्य सेवा निवृत्त राष्ट्रसेवक वा पदाधिकारीको हकमा सम्बन्धित पदको मर्यादाक्रमको एक तह मुनिको मर्यादाक्रम कायम हुनेछ।

८. यो मर्यादाक्रम औपचारिक कार्यक्रमका लागि भएकोले सुरक्षा र अरु सुविधाका विषयमा प्रचलित कानून बमोजिम नै हुनेछ।

९. खण्ड ६७, सङ्ख्या ५५, मिति २०७४/१०/२६ को नेपाल राजपत्रमा प्रकाशित मर्यादाक्रम सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

**आज्ञाले,**
**प्रेम कुमार राई**
**नेपाल सरकारको सचिव**